# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः४९**

**मितिः२०८१।०८।२८**

## छलफल तथा निर्णय

**निर्णय १**

समितिको आजको बैठकमा सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर थप छलफल भयो। प्रदेश सभाको मिति २०८०।११।१६ गते बसेको तेस्रो अधिवेशनको आठौं बैठकले सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाईएको यस विधेयकका सम्बन्धमा विभिन्न चरणमा भएका छलफल तथा विज्ञहरुबाट प्राप्त भएका रचनात्मक सुझावहरुलाई औचित्यता र सान्दर्भिकताका आधारमा संशोधन विधेयकमा समेटी समिति सचिवालयबाट तयार गरिएको विधेयकको प्रतिवेदनको मस्यौदा उपर वृहत रुपमा छलफल भयो। आजको बैठकमा सामाजिक विकास मन्त्रीको समेत उपस्थिति रहेको थियो। बैठकमा उपस्थित सबै माननीय सदस्यहरुले छलफलका क्रममा आ-आफ्ना भनाई राख्नुभयो। छलफल भएपश्चात सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी बैठकमा पेश भएको प्रतिवेदनको मस्यौदालाई सामान्य परिमार्जन सहित यस विधेयकसम्बन्धी समितिको प्रतिवेदनको रुपमा पारित गर्ने निर्णय गरियो।

**निर्णय २**

समितिको आजको बैठकले पारित गरेको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने व्यवस्था मिलाईदिनका लागि माननीय सभामुखज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय ३**

अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो।